# प्रदेश लोक सेवा आयोग

## लुम्बिनी प्रदेश, बुटवल

**प्रदेश निजामती सेवा र स्थानीय निजामती सेवा अन्तर्गतका विभिन्न सेवा समूहका अधिकृतस्तर नवौं तहका (अप्राविधिक/प्राविधिक) पदहरुको जेष्ठता र कार्यसम्पादन मूल्याङकनद्वारा हुने बढुवाको सूचना ।**

सूचना नं. १४९/०८२-८३ प्रकाशन मितिः २०८२/०८/२६

प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १० को उपदफा ७ र स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा १० को उपदफा ६ बमोजिम तपसिल बमोजिमका पदहरुमा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा बढुवा गरिने भएकोले बढुवाका लागि सम्भाव्य उम्मेदवारहरुले प्रदेश लोकसेवा आयोगवाट निर्धारित ढाँचाको दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८२/१०/०१ गते सम्म आयोगमा दरखास्त दिनुहुन सूचना गरिन्छ ।

<u>तपसिल</u>

| क्र.सं. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह | जेष्ठता र कार्यसम्पादन मूल्याङकनद्वारा हुने पद संख्या |
|---|---|---|---|---|---|
| १ | २५/०८२-८३ | उपसचिव/उपनिर्देशक | नवौं | स्थानीय प्रशासन/सामान्य प्रशासन | ४ |
| २ | २६/०८२-८३ | मेडिकल सुपरिटेन्डेट | नवौं | प्रदेश स्वास्थ्य/जनरल हेल्थ सर्भिसेज | १ |
| ३ | २७/०८२-८३ | मेडिकल सुपरिटेन्डेट | नवौं | स्थानीय स्वास्थ्य/जनरल हेल्थ सर्भिसेज | १ |
| ४ | २८/०८२-८३ | स्वास्थ्य प्रशासक | नवौं | प्रदेश स्वास्थ्य/पब्लिक हेल्थ एडमिनिस्ट्रेसन | १ |
| ५ | २९/०८२-८३ | जनस्वास्थ्य प्रशासक | नवौं | प्रदेश स्वास्थ्य/हेल्थ ईन्सपेक्सन | १ |
| ६ | ३०/०८२-८३ | कन्सल्टेण्ट प्याथोलोजिष्ट | नवौं | प्रदेश स्वास्थ्य/प्याथोलोजी/जनरल प्याथोलोजी | १ |
| ७ | ३१/०८२-८३ | कन्सल्टेण्ट मेडिकल जनरलिष्ट | नवौं | प्रदेश स्वास्थ्य/मेडिकल जनरल | १ |
| ८ | ३२/०८२-८३ | कन्सल्टेण्ट जनरल फिजिसियन | नवौं | प्रदेश स्वास्थ्य/मेडिसिन/जनरल मेडिसिन | १ |
| ९ | ३३/०८२-८३ | कन्सल्टेण्ट पेडियाट्रिसियन | नवौं | प्रदेश स्वास्थ्य/पेडियाट्रिक्स/पेडियाट्रिक्स मेडिसिन | १ |
| १० | ३४/०८२-८३ | कन्सल्टेण्ट अर्थोपेडिक सर्जन | नवौं | प्रदेश स्वास्थ्य/सर्जरी/अर्थोपेडिग सर्जरी | १ |
| ११ | ३५/०८२-८३ | कन्सल्टेण्ट अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजिष्ट | नवौं | प्रदेश स्वास्थ्य/अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजी | २ |
| १२ | ३६/०८२-८३ | कन्सल्टेण्ट रेडियोलोजिष्ट | नवौं | प्रदेश स्वास्थ्य/रेडियोलोजी | १ |
| १३ | ३७/०८२-८३ | कन्सल्टेण्ट एनेस्थोलोजिष्ट | नवौं | प्रदेश स्वास्थ्य/एनेस्थेसियोलोजी | २ |
| १४ | ३८/०८२-८३ | कन्सल्टेण्ट सर्जन | नवौं | प्रदेश स्वास्थ्य/सर्जरी/जनरल सर्जरी | १ |
| १५ | ३९/०८२-८३ | कन्सल्टेण्ट साईक्याट्रिष्ट | नवौं | प्रदेश स्वास्थ्य/साईक्याट्रि | १ |

| क्र.सं. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह | जेष्ठता र कार्यसम्पादन मूल्याङकनद्धारा हुने पद संख्या |
|---|---|---|---|---|---|
| १६ | ४०/०८२-८३ | कन्सल्टेण्ट माइक्रोबायोलोजिष्ट | नवौं | प्रदेश स्वास्थ्य/प्याथोलोजी/ माइक्रोबायोलोजी | १ |
| १७ | ४१/०८२-८३ | डिभिजनल इन्जिनियर | नवौं | प्रदेश इन्जिनियरिङ्ग/सिभिल/स्यानीटरी | १ |
| १८ | ४२/०८२-८३ | डिभिजनल इन्जिनियर | नवौं | प्रदेश इन्जिनियरिङ्ग/सिभिल/वि.आ. | १ |
| १९ | ४३/०८२-८३ | डिभिजनल इन्जिनियर | नवौं | प्रदेश इन्जिनियरिङ्ग/सिभिल/ईरिगेशन | १ |
| २० | ४४/०८२-८३ | डिभिजनल इन्जिनियर | नवौं | स्थानीय इन्जिनियरिङ/सिभिल | ३ |
| २१ | ४५/०८२-८३ | डिभिजनल वन अधिकृत/वन उपनिर्देशक | नवौं | प्रदेश वन/जनरल फरेष्ट्री | १ |
| २२ | ४६/०८२-८३ | उपसचिव/उप निर्देशक | नवौं | प्रदेश शिक्षा/शिक्षा प्रशासन/ निरिक्षण | १ |
| २३ | ४७-०८२-८३ | शिक्षा निर्देशक | | स्थानीय शिक्षा/शिक्षा प्रशासन र परीक्षण तथा मूल्याङकन | २ |

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको बेवसाइट www.ppsc.lumbini.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाइ सक्नुपर्नेछ। प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ठ रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाईनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा सूचित गरिन्छ ।

## उम्मेदवारहरुले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरु

१. प्रदेश निजामती सेवा ऐन,२०८० को दफा ३२ र स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ३४ बमोजिम बढुवाको लागि उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ ।

२. जेष्ठताको गणना गर्दा प्रदेश निजामती सेवाको सम्बन्धमा प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २७ र प्रदेश निजामती सेवा नियमावली २०८० को नियम ५७को उपनियम २ र स्थानीय निजामती सेवाको सम्बन्धमा स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ३० र स्थानीय निजामती सेवा नियमावली, २०८१ को नियम ५५ बमोजिम हुनेछ ।

३. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) बाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ।

४. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

५. दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भएबमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ । दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच बर्षको कार्यसम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको श्रेणी /तहमा अध्ययन विदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण पेश गर्नुपर्नेछ ।

६. जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३८ को उपदफा ४, दफा ३९ को उपदफा १(ग) र स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ४६ बमोजिमको तालिमको प्रमाणपत्र पेश गर्नुपर्नेछ।

७. बढुवाको लागि हुने न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता प्रदेश निजामती सेवाको सम्बन्धमा प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३१, दफा ३८ को उपदफा २ र प्रदेश निजामती सेवा नियमावली २०८० को नियम ७० बमोजिम र स्थानीय निजामती सेवाको सम्बन्धमा स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ३२ बमोजिम हुनुपर्नेछ ।

८. बढुवा सम्बन्धी अन्य व्यवस्था प्रदेश निजामती सेवा ऐन, २०८०, प्रदेश निजामती सेवा नियमावली, २०८० र स्थानीय निजामती सेवा ऐन, २०८१ र स्थानीय निजामती सेवा नियमावली, २०८१ बमोजिम हुनेछ।

| | |
|---|---|
| **दरखास्त दस्तुर:** | रु. १,२००/- (एक हजार दुइ सय रुपैयाँ) |
| **दरखास्त दस्तुर बुझाउने स्थान:** | राष्ट्रिय बाणिज्य बैंकमा रहेको खाता नं. १०००१००२०००१०००० मा दस्तुर जम्मा गर्नुपर्नेछ । |
| **कार्यालय कोड:** | २१०००४८०१५ |
| **राजस्व शिर्षक नं.** | १४२२४ (लुम्बिनी प्रदेश लोक सेवा आयोग) |

**नोट:** जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि राजस्व बुझाएको सक्कलै बैंक भौचर दरखास्त साथ पेश गर्नुपर्नेछ ।

***